प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

---

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/२४

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा भएका कोभिड-१९ संक्रमितहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन कार्य (काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) द्रुत रुपमा भईरहेको छ ।

- आज बागमती प्रदेशका निम्न जिल्लाहरुमा गरी थप ३६ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छः

  काठमाण्डौ — १६
  ललितपुर — ७
  चितवन — ५
  काभ्रे — २
  मकवानपुर — १
  रामेछाप — २
  सिन्धुपाल्चोक — १
  दोलखा — १
  धादिंग — १

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ४ प्रतिशत रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ, हाल यो तथ्यलाई सामान्यीकरण गर्न कठिन भएतापनि यसलाई प्रदेशले गम्भीरताको साथ नजिकबाट नियालिरहेको छ ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १६४२३ (१००%) | ७०७ (१००%) |
| निको भएको | ७७५२ (४७.२%) | २६१ (३७%)* |
| उपचाररत | ८६३६ (५२.६%) | ४४० (६२.२%)* |
| मृत्यु भएको | ३५ (०.२%) | ६ (०.८%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०३/२४

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण


बागमती प्रदेशमा जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण यस प्रकार रहेको छः

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | 1363 | 131 | 27 | 270 | 133 | 10312 | 10010 | 302 | 4964 | **190** | |
| ललितपुर | 345 | 35 | 11 | 221 | 157 | 4484 | 4429 | 55 | 2236 | **56** | |
| भक्तपुर | 313 | 52 | 21 | 42 | 2 | 2158 | 2144 | 14 | 1704 | **43** | |
| रसुवा | 277 | 44 | 0 | 35 | 0 | 626 | 614 | 12 | 115 | **10** | |
| नुवाकोट | 1224 | 171 | 171 | 28 | 11 | 2927 | 2798 | 129 | 618 | **28** | |
| धादिङ | 1134 | 112 | 226 | 128 | 5 | 2966 | 2828 | 138 | 1146 | **125** | |
| चितवन | 2465 | 714 | 0 | 302 | 28 | 1422 | 1407 | 15 | 2890 | **94** | |
| सिन्धुली | 430 | 117 | 28 | 24 | 2 | 1188 | 1155 | 33 | 703 | **18** | |
| मकवानपुर | 406 | 76 | 489 | 35 | 15 | 1875 | 1855 | 20 | 1276 | **30** | |
| रामेछाप | 509 | 121 | 6 | 75 | 3 | 862 | 855 | 7 | 435 | **32** | |
| दोलखा | 1185 | 53 | 1 | 41 | 0 | 1630 | 1624 | 6 | 296 | **9** | |
| काभ्रे | 842 | 148 | 107 | 27 | 2 | 2542 | 2503 | 39 | 506 | **12** | |
| सिन्धुपाल्चोक | 908 | 183 | 83 | 70 | 22 | 1406 | 1394 | 12 | 978 | **60** | |
| जम्मा | **11401** | **1957** | **1170** | **1298** | **380** | **34398** | **33616** | **782** | **17867** | **707** | |

श्रोत ;सम्बन्धित् जिल्ला  र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार

हाल सम्म बागमती प्रदेशमा ११४०१ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले १९५७ जना बस्दै आउनुभएको र ११७० जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२९८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३८० जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३४३९८ जनाको आर डी टी परिक्षण गरिएकोमा ७८२ जनाको पोजेटिभ आएको छ र १७८६७ जनाको पि सि आर परिक्षण गरिएको छ।

- हाल सम्ममा बागमती प्रदेशमा महिलामा भन्दा पुरुषमा कोभिड-१९ को संक्रमण दुई गुणा भन्दा बढी देखिएको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०३/२३

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

हालसम्म प्राप्त स्वाबको संख्या —९१६६

आज प्राप्त स्वाब संख्या – १२७

आज परिक्षण भएको स्वाबको संख्या — २७२

आज परिक्षण भएको स्वाबको नतिजा —

पोजिटिभ– १६

नेगेटिभ– २५६

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भइसकेको गरी जम्मा १६ वटा स्वाब (नमुना)को नतिजा पोजिटिभ आएको छ (मकवानपुर १, नवलपरासी २ र रौतहट १३)।

## ❖ महत्वपूर्ण अपडेट तथा थप जानकारीको सम्बन्धमा

- कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

  सामाजिक विकास मन्त्रालय http://mosd.p3.gov.np/

  स्वास्थ्य तथा जनसंख्या मन्त्रालय https://covid19.mohp.gov.np/

  स्वास्थ्य आपतकालीन व्यवस्थापन केन्द्र (HEOC) heoc.mohp.gov.np/

  इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) edcd.gov.np/

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई